**Kalika Prabha : Journal of Multidisciplinary Studies**
[ISSN:- 3021-9388 (Print)]
Published by Kalika Sanskrit Vidyapeeth (RMC) Nawalpur, Nepal
https//www.ksv.edu.np

# सूर्यको उत्तरायण एवम् दक्षिणायन विन्दुको खगोलपरक धर्मशास्त्रीय मीमांसा

**श्याम खनाल**

*उपप्राध्यापक, कालिका संस्कृत विद्यापीठम्*

***Article History :*** *Received : 12th, Jan. 2026; Reviewed: 18th, Apr. 2026; Accepted: 22nd June, 2026*
***Corresponding Author*** *: Shyam Khanal* ***E-mail :*** *astroshyam38@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/kp.v4i1.97102*
***ORCID****: https://orcid.org/0009-0000-3696-9225*

## लेखसार

*अयन संस्कृत शब्द हो। यसको अर्थ बाटो भन्ने हुन्छ। हामीले व्यवहारमा सूर्य पूर्व क्षितिजमा देखिने अवस्थाका आधारमा उत्तरायण वा दक्षिणायन भए भन्ने गरेका छौँ। सूर्योदयको अवलोकन गर्दा गएको दिनमा उदय भएको स्थानभन्दा आजको दिनमा भएको सूर्योदयको स्थान उत्तर दिशातिर तर्फ छ भने उत्तरायण अवस्था र गतदिन सूर्योदय भएको स्थानभन्दा आज सूर्योदय भएको स्थान दक्षिणतिर रहेको छ भने दक्षिणायन भनेर बुझ्दछौँ। प्रस्तुत विषय उत्तरायण र दक्षिणायनका सिलसिलामा ज्योतिषको क्षेत्रमा केही विवाद जस्तो पनि देखिन्छ। कसैले पुसको ६-७ गतेतिरैबाट सूर्यको उत्तरायण भइसक्यो भन्छन् भने कसैले माघ १ लाई नै सूर्यको उत्तरायण विन्दु मान्ने गर्दछन्। त्यस्तै दक्षिणायनको अवस्थामा पनि यस्तै समस्या रहेको छ। अर्थात् कसैले असारको ६-७ गतेतिर नै सूर्य दक्षिणायन भएका छन् भन्दछन् भने कसैले फेरि श्रावण १ गतेलाई नै सूर्यको दक्षिणायन विन्दु मानेका छन्। यसले गर्दा दक्षिणायन र उत्तरायण विन्दुको पनि बिचको विन्दुबाट सूर्योदय हुने विषुवद् दिनका सम्बन्धमा पनि ढुलमुल हुने अवस्था रहेको छ। त्यसैले प्रस्तुत शोधलेखमा वास्तविक उत्तरायण या दक्षिणायन विन्दुको खगोलीय एवम् गणितीय रूपमा पहिचान गर्दै हामीले हाम्रा धर्मशास्त्रोक्त नियमका लागि गरिने क्रियाकलापमा अयनारम्भ कहिले देखि लिने गरेका छौँ र त्यसको कारण के हो भन्ने विषयको विश्लेषण गरी निष्कर्ष दिने प्रयास गरिएको छ।*

**शब्दकुञ्जिका-** कर्कटादि, गोलसन्धि, निरयण, विषुवद्दिन, सायन।

## विषय परिचय

खगोलशास्त्रमा अयन शब्द धेरै स्थानमा आउने गर्दछ। प्रस्तुत नपुंसकलिङ्गी संस्कृत शब्द अयन को अर्थ बाटो हो (अमरसिंह, वि.सं. २०२६, पृ. ७५)। त्यस्तै पूर्व, पश्चिम, उत्तर, दक्षिण गरी चार मुख्य दिशा, ईशान, आग्नेय,

नैऋत्य, वायव्य गरी चार विदिग्दिशा एवम् आकाशतिर र पातालतिर गरी दिशाहरू दशवटा रहेका छन्। त्यसैले उत्तरायण भनेको उत्तरतिरको बाटो र दक्षिणायन भनेको दक्षिणतिरको बाटो भन्ने सम्झनुपर्दछ। हामीले पूर्वक्षितिजबाट सूर्य उदाएको त देखिरहेका हुन्छौँ, त्यस अवस्थालाई सूर्योदय भयो भन्ने पनि गरेका छौँ। तर यहाँ स्मरणीय विषय के छ भने हामीले सूर्यलाई पक्कै पनि प्रत्येक दिन एकै स्थानबाट उदय भएको चाहिँ देखेका छैनौँ। अर्थात् सूर्यको उदय हामीले प्रत्येक दिन फरक फरक विन्दुबाट भएको देखेका छौँ। सूर्योदयको यस्तो अवस्था हामीले प्रत्येक दिनको अवलोकनमा महसुस गर्न नसके पनि केही महिनाको अन्तरमा अवलोकन गर्यौँ भने चाहिँ सूर्य उदाउने क्रममा पूर्वका विन्दुमा पनि कहिले कता कहिले कता भएर उदाएको पक्कै महसुस गरेकै हुनेछौँ। कहिले ती सूर्य पहिले अवलोकन गरेको स्थानभन्दा उत्तरतिरको स्थानबाट उदय भएका देखिन्छन् त कहिले फेरि ती सूर्य पहिले अवलोकन गरेको स्थानभन्दा दक्षिणतिरको स्थान तर्फ सर्दै गरेर उदय भएका देखिन्छन्। यसरी सूर्य दिनप्रतिदिन उत्तर दिशातिर सर्दै उदय हुने अवस्थालाई उत्तरायण भनिन्छ भने दिनप्रतिदिन दक्षिण दिशातिर सर्दै उदय हुने अवस्थालाई सूर्य दक्षिणायन भएको भनिन्छ। यसैले यहाँ शीर्षकमा भनिएको अयनारम्भको अर्थ उत्तरायणको आरम्भ वा दक्षिणायनको आरम्भ स्थान हो। यी आरम्भ स्थानका रूपमा मानिएका विन्दुहरूको खगोलीय एवम् धर्मशास्त्रीय विवेचना प्रस्तुत शोधलेखमा गरिएको छ। त्यस्तै प्रकारले शोधसारमा भनिए अनुसार यहाँ विवादित रूपमा रहेका ती अयनारम्भ बिन्दुहरूका सम्बन्धमा धर्मशास्त्रोक्त मत प्रस्तुत गर्दै त्यस तथ्यलाई खगोलपरक तरिकाले मीमांसा गरिएको छ।

## शोधसमस्या

सूर्यको उत्तरायण विन्दु वा दक्षिणायन विन्दुको आरम्भ कहाँबाट हुन्छ भन्ने विषय त शास्त्रीय रूपमा विवेचित विषय हो। तर पनि यस विषयमा वर्तमानका ज्योतिष विषयसँग सम्बद्ध एवम् ज्योतिष विषयसँग असम्बद्ध व्यक्तिहरूबाट पनि केही शङ्का उपशङ्का गरिन थालिएको अवस्था छ। त्यसैले यस विषयका वारेमा शास्त्रोक्त प्रमाणका आधारमा धर्मशास्त्रका लागि उपयुक्त स्थान कुन विन्दुलाई मान्ने भन्ने बारेमा ठेट अध्ययन नभएका कारणले शोधसमस्याको सिर्जना भएको हो। त्यसैले यी शोधसमस्या प्रस्तुत शोधलेखमा निम्न प्रश्नमा आधारित रहेका छन् -

क) उत्तरायण एवम् दक्षिणायनका सम्बन्धमा खगोलीय वर्तमान स्थिति कस्तो छ ?

ख) उत्तरायण एवम् दक्षिणायनका सम्बन्धमा धर्मशास्त्रोक्त स्थान र समय कुनलाई मान्ने ?

## उद्देश्य

प्रस्तुत शोधलेखनबाट वर्तमानमा उत्तरायण एवम् दक्षिणायन विन्दुका बारेमा देखा परेको समस्याको समस्याको समाधान गर्ने जमर्को गरिएको छ। त्यसका लागि प्रस्तुत शोधलेखनका निम्नप्रकारका उद्देश्यहरू रहेका छन् -

क) उत्तरायण एवम् दक्षिणायनका सम्बन्धमा खगोलीय वर्तमान स्थितिको विवेचना गर्नु।

ख) उत्तरायण एवम् दक्षिणायनका सम्बन्धमा धर्मशास्त्रोक्त विन्दुका आधारमा समयको विश्लेषण गर्नु।

**शोधसीमा**

अयन भनेको बाटो हो भनेर माथि नै भनिएको छ। खगोलमा यसको प्रयोग विभिन्न स्थानमा भएको देखिन्छ। यही अयनको पछाडिपट्टि अंश थपेर अयनांश पनि भएको छ। यस अयनांश शब्दको अर्थ चाहिँ स्थिर गोलसन्धि र अस्थिर गोलसन्धिको अन्तर भन्ने हो। अर्थात् स्थिर गोलसन्धिबाट अस्थिर गोलसन्धिको बाटोको अन्तर कति भएछ भनेर बुझ्दा पनि हुन्छ। तर यस शोधलेखमा गोलसन्धिबाट सुरु हुने अयनांशका बारेमा या अयनकै सम्बन्धमा पनि त्यस्तो विस्तृत अध्ययन नगरी उत्तरायण वा दक्षिणायनसँग सम्बन्धित अयनारम्भको समय कहिले मान्ने भन्ने विषयलाई मात्र प्रस्तुत गरिएको छ।। यस शोधलेखमा अयनारम्भको खगोलीय स्वरूप देखाउँदै हाम्रा धर्मशास्त्रोक्त अयनारम्भ विन्दुको बारेमा मात्र विश्लेषण गरिएको छ।

## अध्ययनविधि

यो अध्ययन ज्योतिष क्षेत्रको हो। ज्योतिषको क्षेत्र भनेकै खगोलको क्षेत्र हो। खगोलको क्षेत्रलाई छोडेर गणित अध्ययन गर्न गाह्रो हुन्छ। त्यसैले यहाँ विशेष गरेर तथ्यमै आधारित भएर अध्ययन गरिएको छ। विभिन्न ग्रन्थहरूमा रहेका प्रस्तुत शोधलेखसँग आधारित तथ्यहरूलाई यहाँ विश्लेषण गरी बुझाइने प्रयास गरिएको छ। यसका लागि खगोलीय क्षेत्रका लागि रेखाचित्रको पनि सहयोग लिइएको छ। गणितको क्षेत्र प्रत्यक्ष भएको तर धर्मशास्त्रको क्षेत्र अप्रत्यक्ष भएकाले ती दुवै विषयहरूलाई आचार्यहरूको निर्देशनअनुसार नै बताउनका लागि विश्लेषणात्मक आदि विभिन्न विधिहरू अपनाइएको छ।

## सैद्धान्तिक पर्याधार

वेद यज्ञकर्ममा प्रवृत्त छन्। अर्थात् वेदले यज्ञ गर भन्दछन्। यज्ञहरू कालको आश्रयमा रहेका छन्। काल अर्थात् समयको निर्धारणबाट नै यज्ञ गरिन्छन्। अर्थात् शुभ समयमा गरिने यज्ञ कर्महरूबाट नै शुभ फल प्राप्त हुन्छन्। त्यसैले ज्योतिषविना वेदले बताएको मार्गलाई पहिल्याउन नसकिने हुनाले पनि शास्त्रमा ज्योतिषलाई वेदको आँखाका रूपमा परिभाषित गरिएको छ (भास्कराचार्य, वि.सं. २०५६, पृ. ३)। वेदको अर्थ सम्झिन साना साधनाले हुन्न। त्यसैले पनि उपनिषद्मा पनि त्यो वेदको कारक परमात्मालाई जान्न सकेनौँ भने तिमीले ती वेदका ऋचा मात्र दोहोराएर केही फाइदा नै छैन भनिएको छ। अतः आफ्नो बुद्धि र अवस्थाअनुसार यो ब्रह्माण्डको स्थितिका बारेमा बुझ्नका लागि आचार्यहरूले विभिन्न शास्त्रको रचना गरेका देखिन्छन्। शास्त्रहरू भिन्न देखिए पनि तिनका उद्देश्य चाहिँ एकै किसिमका देखिएका छन्। ब्रह्माण्डलाई विभिन्न भागमा विभाजन गरी त्यसैका आधारमा यहाँ पृथ्वीमा पनि समयको मापन गर्ने तरिका हाम्रा आचार्यहरूले बताएका छन्। त्यसअन्तर्गत विभिन्न कालखण्डमा विभिन्न आचार्यहरूका गणितीय ज्योतिषीय नियमहरू पालना हुँदै आएका देखिन्छन्। वैदिक ज्योतिष, वेदाङ्ग ज्योतिष, सिद्धान्त ज्योतिषका रूपहरू यसैले आएका देखिन्छन्। वैदिक ज्योतिष अत्यन्तै सूक्ष्म थियो भनी आचार्यहरूले बताएका छन्। ऋग्वेद-संहिताको मन्त्रमा बाह्र राशिको गणनाले ३६० दिनका बारेमा बताइएको छ - "द्वादशारं नहि तज्जराय वर्वर्ति चक्रं

परिद्यामृतस्य। आ पुत्रा अग्ने मिथुनासो अत्र सप्त शतानि विंशतिश्च तस्थुः” ( ऋग्वेद १।१६४।११)। अर्थात् सत्यरूपी सूर्यका बाह्र राशि वाला चक्र स्वर्गको चारैतिर बारम्बार चलिरहेका छन् र यो कहिले पनि पुरानो हुँदैन। हे आदित्यरूप अग्नि तीन सय साठी दिन एवम् रातका रूपमा तिमीमा सात सय बिस पुत्रपुत्रीहरू रहन्छन्। त्यस्तै गरेर अर्को मन्त्रमा यस्तै विषय बताइएको छ - “द्वादश प्रधयश्चक्रमेकं त्रीणि नभ्यानि क उ तच्चिकेत। तस्मिन्त्साकं त्रिशता न शङक्वोऽर्पिताः षष्टिर्नः चलाचलासः” (ऋग्वेद १।१६४।४८)। अर्थात् एक चक्र छ जो बाह्र राशिले घेरिएको छ। उसका तीन नाभि छन्, त्यसलाई को विद्वान्ले जान्लान्। त्यसमा ३६० चलायमान किलाहरू राखिएका छन्। यसरी ऋग्वेदमैँ बाह्र राशिहरूका कुरा ३६० अंशका कुरा आएका छन्। यसरी स्पष्ट रूपमा आए तापनि वेदमा राशिका कुरा छैनन् भन्नु अत्यन्तै गलत हुन जान्छ। नामकरणका सम्बन्धमा आकाशमा रहेका आकृतिका आधारमा गरेको देखिन्छ। नक्षत्रहरू आकृतिका आधारमा गरिएकाले त्यस्तै प्रकारले राशिको पनि आकृति हेर्दै नामकरण गरिएका हुन्। त्यसपछि पृथ्वी र सूर्यादि ग्रहको गत्यन्तरका कारण उत्पन्न भिन्नतापछि बनेको वेदाङ्गज्योतिषमा त्यति सूक्ष्मता देखिन्न। सूर्यको उत्तरायण र दक्षिणायन विन्दुलाई आधार मानी नववर्षका रूपमा मान्ने पद्धति वर्तमानका लागि सूक्ष्म देखिए पनि तिथि, नक्षत्रादिको गणनापद्धति स्थूल रहेको छ। वैदिक गणित चलेको महाभारत कालमैँ पनि ग्रहणादिको चिन्तन गरिए तापनि त्यसपछि बनेको यस ज्योतिषमा त्यस प्रकारले सूक्ष्म गणना गरिएको छैन। महाभारतको लडाईपछि हाम्रा धेरै शास्त्रहरू हराएका एवम् नष्ट भएकाले केही समय हाम्रा सबै विषय अन्धकारमय भएका छन्। यसर्थ पनि व्यवहार सिद्ध गर्नका लागि लगध नाम गरेका ज्योतिषीले यसरी स्थूल ज्योतिषको रचना गरेको देखिन्छ। यसपछि ब्राह्म, वसिष्ठ, रोमक, पौलिस, सूर्यसिद्धान्त आदि सिद्धान्तहरू पनि व्यवहारमा चलेका देखिन्छन्। यस्तै सिद्धान्त एवम् लिखित रूपमा नभएर व्यवहारमा चल्दै आएका सिद्धान्तहरू समेटेर आर्यभटले ज्योतिषलाई वेदको भावनाअनुरुप विकसित गराएको देखिन्छ। किनकि वेदमा  किनकि त्यसभन्दा पहिले पृथ्वी कुनै आधारमा रहेको मानिँदै आएकामा उनले नै वेदकै प्रमाणका आधारमा पृथ्वी आधारहीन भएर रहेको भन्ने तथ्य पत्ता लगाएको देखिन्छ। अर्थात् वेदमा त्यस विषयलाई यसरी राखिएको छ - “चक्राणासः परीणहं पृथिव्या हिरण्येन मणिना शुम्भमानाः। न हिन्वानासस्तितिरुस्त इन्द्रं परिस्पशो अदधात् सूर्येण” (ऋग्वेद १।३३।८)। अर्थात् स्वर्णमय अलङ्कारले सुशोभित वृत्रको दूत पृथ्वीको परिधिको चारैतिर दौडेर चक्कर लगाउँदा पनि इन्द्रलाई जित्न समर्थ हुन सकेन। फेरि सूर्यको सहयोगले त्यसलाई इन्द्रले भगाइदिए। यस्तै प्रकारका वेदोक्त ज्ञानबाट नै आर्यभटले पृथ्वीको दैनन्दिन गति हुन्छ भनी यसरी लेखेका हुन् -

अनुलोमगतिनौंस्थः पश्यत्यचलं विलोमगं यद्वत्।
अचलानि भानि तद्वत् समपश्चिमगानि लङ्कायाम् (आर्यभटीयम् ४।९)।

आर्यभटपछि वराहमिहिर पनि ज्योतिष क्षेत्रमा त्यस्तै उद्भट विद्वान् मानिन्छन्। उनले त झनै पहिलेका शास्त्रमार्फत् नभएर व्यवहार र समाजमा चल्दै आएका श्रुतिपरम्पराका विषयहरू पनि समेटेर ज्योतिषशास्त्रको रचना गरेको देखिन्छ। यसका प्रमाणका रूपमा उनले प्रयोग गरेका अरबी शब्दहरू रहेका छन्। त्यसपछि ब्रह्मगुप्त पनि ब्रह्मसिद्धान्त लिएर देखापरेका छन्। बिच बिचमा यस्तै प्रकारले विभिन्न ज्योतिषीहरूले ज्योतिष क्षेत्रमा योगदान दिए तापनि उल्लेख्य ज्योतिषी भास्कराचार्यको जन्म हुन केही समय पर्खनुपर्यो। उनको ग्रन्थ सिद्धान्तशिरोमणि अहिले पनि

त्यत्तिकै पूजित रहेको छ। त्यसपछि कमलाकर जस्ता खगोलविद् पनि पौरस्त्य क्षेत्रले पायो। यहाँ सम्मको उल्लेख्य विषय के रहेको छ भने भास्कराचार्यले विशेष गरेर ब्रह्मसिद्धान्तका आधारमा ज्योतिषका कुरा गरे पनि सबै आचार्यहरूका कुरा राखेर नै आफ्नो सिद्धान्तको रचना गरेका कुरा उनैले यसरी उल्लेख गरेका छन् -

कृती जयति जिष्णुजो गणकचक्रचूडामणि-
र्जयन्ति ललितोक्तयः प्रथिततन्त्रसद्युक्तयः।
वराहमिहिरादयः समवलोक्य येषां कृतीः
कृती भवति मादृशोऽप्यतनुतन्त्रबन्धेऽल्पधीः ।।(सिद्धान्तशिरोमणिः १/२)

तर कमलाकरले भने सूर्यसिद्धान्तलाई नै आधार मानी सिद्धान्ततत्त्वविवेकको रचना गरेका कुरा स्वयं उनले नै यसरी लेखेका छन् -

सूर्यादिदेवैर्मुनिभिः स्वतन्त्रैः शाकल्यमुख्यैर्गदितं हि तस्य।
विरोधतः श्रीकमलोद्भवोक्तिर्न स्यात्कथंचिद्धि यतोऽर्कजः सः ।।

(सिद्धान्ततत्त्वविकेकः १/६४)

उनको सूर्यसिद्धान्तप्रति अगाध प्रेम रहेको देखिन्छ। सूर्यसिद्धान्तका रचनाका सम्बन्धमा अधिकांश विद्वान्हरूमाझ विवाद भएता पनि कमलाकरले सूर्यसिद्धान्तलाई सूर्यले नै बताएको आर्ष सिद्धान्त भनी उल्लेख गरेका छन् -

ब्रह्मा च प्राह च नारदाय हिमगुर्यच्छौनकायामलं
माण्डव्याय वशिष्ठसंज्ञकमुनिः सूर्यो मयायाह तत्।
प्रत्यक्षागमयुक्तिशालि तदिदं शास्त्रं विहायान्यथा
यत् कुर्वन्ति नराधमास्तु तदसद्वेदोक्तिशून्या भृशम्।।

(सिद्धान्ततत्त्वविवेकः १।६५)

व्यवहारमा हामीले मानिँदै आएको निर्णय सिन्धुका पनि सङ्कलक र सम्पादकका रूपमा कमलाकर रहेकाले धर्मशास्त्रसँग सम्बन्धित विषयमा हामी कमलाकर भन्दा बाहिर जान सक्दैनौँ। त्यसैले पनि यहाँ विशेषत सूर्यसिद्धान्तलाई मूल आधार मानेका खगोलविद् कमलाकरका भनाईलाई आधारमा मानी शोधलेखको विश्लेषण गरिएको छ।

## अयनादि विन्दुका सम्बन्धमा शास्त्रोक्त कथन

माथि भनिएको विषय के हो भने यहाँ अयनादि भनेर सूर्यको उत्तरायण एवम् दक्षिणायनको आदि विन्दुलाई नै विश्लेषण गरिएको छ। त्यसैले अयनादि विन्दुका बारेमा शास्त्र एवम् शास्त्रकारहरूले के भनेका छन् भनी यहाँ वर्णन गरिएको छ। कृष्ण यजुर्वेद अन्तर्गतको काठक संहितामा महिनाहरूका नाम र ऋतुलाई यसरी लेखिएको छ - "मधुश्च माधवश्च वासन्तिका ऋतू शुक्रश्च शुचिश्च ग्रैष्मा ऋतु नभश्च नभस्यश्च वार्षिका ऋतू इषश्चोर्जश्च शारदा ऋतू सहश्च सहस्यश्च

हैमन्तिका ऋतू तपश्च तपस्यश्च शैशिरा ऋतु त इमं यज्ञमवन्तु ते मामवन्त्वनु व आरभेऽनु मारभध्वम्" (काठकसंहिता ३५।९।५९)। उल्लिखित मन्त्रअनुसार मधु भनेको चैत्र महिना र माधव भनेको वैशाख महिना वसन्त ऋतुमा पर्दछन्। त्यस्तै शुक्र भनेको जेठ महिना र शुचि भनेको आषाढ महिना ग्रीष्म ऋतुमा नभ भनको श्रावण महिना र नभस्य भनेको भाद्र महिना वर्षा ऋतुमा, इष भनेको आश्विन महिना ऊर्ज भनेको कार्तिक महिना शरद ऋतुमा, सह भनेको मंसिर महिना र सहस्य भनेको पौष महिना हेमन्त ऋतुमा पर्दछन् भने तप भनेको माघ महिना र तपस्य भनेको फागुन महिना शिशिर ऋतुमा पर्दछन्। अनि अन्त्यमा देवाताहरूलाई यज्ञको र आफ्नो रक्षाका लागि अनुरोध गरिएको छ। यसरी महिनामा नामको उल्लेख भएपछि यही विषयलाई यसरी स्पष्ट गरिएको छ - "स यत्रोदङ्ङावर्त्तते। देवेषु तर्हि भवति देवास्तर्ह्यभिगोपायत्यथ यत्र दक्षिणावर्तते पितृषु तर्हि भवति पितृंस्तर्ह्यभिगोपायति" (शतपथब्राह्मण २।१।३।३)। अर्थात् त्यो सूर्य जहाँबाट उत्तरतिर मोडिन्छ त्यहीबाटै उत्तरायण भई देवताको दिन हुन्छ र सूर्यले देवताको रक्षा गर्नुहुन्छ भने दक्षिणायनमा दक्षिणिर रहेका पितृहरूलाई रक्षा गर्नुहुन्छ। यही शतपथ ब्राह्मणको २।१।३।१ मा बताएका विषयलाई भारतीय ज्योतिषमा यसरी वर्णन गरिएको छ - "यद्यपि शतपथ ब्राह्मणमा उत्तरायण र दक्षिणायन शब्द नभए पनि जहाँ सूर्य उत्तरतिर आवर्तित हुँदा देवतासँग रहन्छन् किनकि वसन्त, ग्रीष्म र वर्षा यी देवताका ऋतुहरू हुन्। यसबाट के ज्ञान हुन्छ भने त्यस समय सूर्य जबसम्म विषुवद्वृत्तको उत्तर रहन्छ तबसम्म उत्तरायण एवम् जबसम्म दक्षिणतिर रहन्छ तबसम्म दक्षिणायन मानिएको छ। जब सूर्य विषुवद्वृत्तबाट उत्तर रहन्छ त्यसबेला मेरुमा रहने देवताका लागि ६ महिनासम्म सूर्य देखिन्छन्। त्यसैले यो विषयले गर्दा पनि सूर्यको विषुवद्वृत्तबाट उत्तर रहने समय नै उत्तरायण सिद्ध हुन्छ (दीक्षित, सन् २००२, पृ. ४७)। यहाँ विषुवद्वृत्तको उत्तर या दक्षिण भनेर त गोललाई मानिने हो, अयनलाई त विषुवद्वृत्तले विभाजन गर्ने होइन। व्याख्यामा केही फरक परेको जस्तो यहाँ देखिएको छ। त्यसैले दक्षिण दिशातिरबाट विषुवद्वृत्ततिर फर्किँदै गरेको सूर्यले उत्तरायण र उत्तरदिशातिरबाट विषुवद्वृत्ततिर फर्किँदै गरेको सूर्यले दक्षिणायन बनाउने हो भनी बुझ्दा उपयुक्त देखिन्छ। किनकि यत्रोदङ्ङावर्तते भन्ने शब्द रहेको तेस्रो मन्त्रले फर्किएको भन्ने नै अर्थ गर्दछ। उत्तरायण या दक्षिणायन विन्दु कुन त भन्ने विषयलाई वेदाङ्गज्योतिषमा यसरी प्रस्तुत गरिएको छ -

स्वरार्कमेके सोमार्कौ यदा साकं सवासवौ।
स्यात्तदादियुगं माघस्तपःशुक्लोऽयनं ह्युदक्॥
प्रपद्येते श्रविष्ठादौ सूर्याचान्द्रमसावुदक्।
सार्पार्धे दक्षिणार्कस्तु माघश्रावणयोः सदा॥ (आर्चज्योतिषम् ५–६)।

अर्थात् सूर्य र चन्द्रमा सँगै एकै स्थानमा भएका वेला माघशुक्लपक्ष माघमासको प्रारम्भ हुँदै उत्तरायण हुन जान्छ। सूर्य र चन्द्रमा धनिष्ठा नक्षत्रको आरम्भमा जाँदा उत्तरतिर र अश्लेषा नक्षत्रको आधाबाट दक्षिणको दिशातिर मोडिन्छन्। सूर्य सधैँ माघ र श्रावणको महिनामा उत्तर र दक्षिणतिर मोडिन्छन्। त्यस्तै याजुषज्योतिषमा पनि यही विषय उल्लेख गरिएको छ -

अल्पावशिष्टे तु कृते मयो नाम महासुरः।
रहस्यं परमं पुण्यं जिज्ञासुर्ज्ञानमुत्ततमम् (सूर्यसिद्धान्त १।२)

प्रस्तुत प्रमाणसहित सत्ययुगको अन्त्यमा लेखिएको भन्ने सूर्यसिद्धान्तमा त झनै यस सम्बन्धमा यसरी स्पष्ट पारिएको छ -

भानोर्मकरसंक्रान्तेः षण्मासा उत्तरायणम्।

कर्क्कादेस्तु तथैव स्यात् षण्मासा दक्षिणायनम् (सूर्यसिद्धान्त १४।९)।

अर्थात् सूर्यको मकरसंक्रान्तिदेखिको छ महिना समय सूर्य उत्तरायण हुन्छन् भने सूर्यको कर्कादि देखिका छ महिना दक्षिणायन हुन्छन्। यसै गरेर शकसंवत् आरम्भको लगभग ३०० वर्ष पूर्वका कौटल्य पनि आफ्ना ग्रन्थमा यसरी स्पष्ट पारेका छन् - "आषाढे मासि नष्टछायो मध्याह्नो भवति ॥४९॥ अतः परं श्रावणादीनां षण्मासानां द्व्यङ्गुलोत्तरा माघादीनां द्व्यङ्गुलावरा छाया भवति" ॥५०॥ (कौटलीय अर्थशास्त्र २।२०।३८)। अर्थात् आषाढ महिना भरि छाया कम भएको हुन्छ भने श्रावणादि छ महिना मध्याह्नको समयमा दुई अङ्गुल छाया बढी र माघपछि दुई अङ्गुल छाया कम हुन जान्छ। यसले गर्दा पनि अयनारम्भको स्थिर मानका बारेमा कौटल्य पनि स्पष्ट थिए भन्ने नै बुझिन्छ। त्यसपछि वराहमिहिरले पञ्चसिद्धान्तिकामा सङ्कलन गरेको वासिष्ठसिद्धान्तमा शङ्कुच्छाया ल्याउने प्रसङ्गमा यसप्रकार लेखिएको छ - "उदगयने संशोध्यं पञ्चदशभ्यो रविर्भवति" (पञ्चसिद्धान्तिका २।१०)। अर्थात् यहाँ उत्तरायणमा यसो गर्नु भनिएको छ भने उत्तरायण दक्षिणायन सम्बन्धी विषय पनि यसै प्रसङ्गमा मकरादिषु र कर्कटादिषु शब्दले स्पष्ट पारिएको छ (कमलाकर, सन् २०१९, पृ.२७)। त्यस्तै गरेर दिनमान ल्याउने प्रसङ्गमा पौलिस सिद्धान्तमा पनि यसरी लेखिएको छ -

मेषादिषु तदुपचितैः कर्कटकाद्येषु तदपचयमितैः।

दिनवृद्धिः स्याद्येन क्षयस्तुलाद्येषु वैषुवतात् (पञ्चसिद्धान्तिका ३।११)।

यहाँ पनि मेषादि विन्दुबाट उत्तरायण हुने र त्यसै दिनबाट दिनबृद्धि हुने एवम् कर्कटादिविन्दुबाट दक्षिणायन हुने र त्यसैदिनबाट दिनक्षय हुने कुराको उल्लेख भएको पाइन्छ (कमलाकर, सन् २०१९, पृ.३७)। यसै क्रममा आफुभन्दा अगाडि रहेका सिद्धान्त एवम् वेदोक्त मन्त्रहरूका भावलाई राम्रोसँग बुझेका आर्यभटले त्यस विषयलाई यसरी प्रष्ट्याउनु भएको छ -

मेषादेः कन्यान्तं सममुदगपमण्डलार्धमपयातम्।

तौल्यादेर्मीनान्तं शेषार्धं दक्षिणेनैव ॥ (आर्यभटीयम् ४।१) ।

अर्थात् बराबर दुई भागमा विभाजित क्रान्तिवृत्तका उत्तरतिरका भागमा मेषादि राशिहरू र दक्षिततिरका भागमा तुलादि राशिहरू रहेका छन्। यहाँ उत्तरतिरका भागमा मेषादि राशिहरू छन् भन्नुको अर्थ अयनको रहस्य पनि यसैभित्र लुकेर रहेको छ। यसलाई विषुवद्वृत्तले पनि विभाजित गरी सूर्यको गति मेषको आदिविन्दुबाट तीन राशिपर दक्षिणायन विन्दु र कन्याको आदिविन्दुबाट तीन राशिपर उत्तरायणको विन्दु क्रमश कर्कादि र मकरादि भन्ने सम्झनुपर्दछ। यस सम्बन्धमा आफुभन्दा अगाडिका धेरै आचार्यहरूका ग्रन्थहरूको अध्ययन गरेर ग्रन्थ बनाएका गणेशदैवज्ञले यस कुरालाई यसरी स्पष्टसँग लेखेका छन् -


गोलौ स्तः सौम्ययाम्यौ क्रियघटरसभे खेचरेऽथायने ते।

नक्रात् किटाच्च षड्भेऽथ चरपलयुतोनास्तु पञ्चेन्दुनाड्यः। (ग्रहलाघवं करणम् ४।६)।

अर्थात् मेषादि र तुलादि दुई गोल भएजस्तै मकरादि र कर्कादि दुई अयन हुन्छन्। सूर्यसिद्धान्तका पक्षपोषक खगोलविद् एवम् धर्मशसास्त्रविद् कमलाकर भट्टले त झनै आफ्नो पुस्तकमा यसरी लेखेका छन् - "यन्मेषादितः प्राक् त्रिगृहान्तरेऽस्ति॥ भवेच्च तत्कीटमुखं तथा यत्पश्चाच्च तन्नक्रमुखं सदैव। ते चायने दक्षिणसौम्यसंज्ञे" (सिद्धान्ततत्त्वविवेक ३।१६-१७)। अर्थात् मेषादिविन्दुबाट तीन राशि अगाडि कर्कटादि विन्दु छ भने तीन राशि पछाडि मकरादि विन्दु रहेको छ। ती दुई विन्दु दक्षिण र उत्तर अयनका रूपमा नामाङ्कित छन् (शर्मा, सन् २०१५, पृ. २५४)। त्यस्तै गरेर गोविन्द गणकले पनि आफ्नो ग्रन्थमा सूर्यको अयनादि विन्दु मकरादि र कर्कादि मानी ग्रहलाघवकै "गौलोस्त सौम्ययाम्यौ..." (सर्वानन्दकरणम् १।२५) विषयलाई नै हुबहु राखेका छन् (द्विवेदी, सन् १९९९, पृष्ठ २२)। त्यस्तै केतकरले पनि यही ग्रहलाघवकै विषय "गोलौस्तः सौम्ययाम्यौ क्रियघटरसभे..." (केतकीग्रहगणितम् २।१२) लाई नै हुबहु राखी अयनारम्भको विन्दु मकरादि र कर्कादि मानेका छन्। यस पछिका भारत एवम् नेपालकै ज्योतिषीहरूले पनि यही सिद्धान्तलाई नै मानेका देखिन्छन्।

## सृष्ट्यादि र वर्तमानमा देखिने अयनादि विन्दुको खगोलपरक विवेचना

सृष्टिपछिको केही समय त अयनांशको उत्पत्ति नहुँदासम्म विषुवद् दिनमा अन्तर परेको थिएन। तर कालान्तरमा विषुवद्दिनमा अन्तर पर्न गयो। अर्थात् सृष्ट्यादिको गोलसन्धि र सृष्ट्यादिको केही समयका इष्टदिनका गोलसन्धिमा विस्तारै अन्तर देखिन लाग्यो। खगोलको भाषामा यही नै अयनांश हो। अर्थात् सृष्ट्यादिमा मानिएको विषुवद्दिन र वर्तमानको विषुवद्दिनको अन्तर नै अयनांश हो। विषुवद्दिन भनेको वर्षमा दिन र रात बराबर हुने दिन हो। त्यसदिन नाडीवृत्त नै अहोरात्र वृत्त हुन जान्छ। सूर्यलाई त्यसदिन यही विषुवद्वृत्तमा देख्न सकिन्छ। अयनारम्भ त विषुवद्दिनको ठिक दिन नै हुने गर्थ्यो। विषुवद्दिन नै सरिसकेपछि अयनारम्भ पनि सर्ने नै भयो भन्ने विषयले विद्वान्हरूका माझ प्रवेश पाएको छ। सृष्टिको प्रारम्भमा अयनांशको अभाव भएको समयको अवस्थालाई रेखाचित्रमा यसरी देखाइन्छ -




प्रस्तुत रेखाचित्रअनुसार ख अभीष्ट स्थानबाट हामीले माथितिर देख्ने आकासको मध्यविन्दु अर्थात् खमध्यविन्दु हो भने अ चाहिँ त्यसको तलपट्टिको अधखमध्यविन्दु हो। त्यस्तै ध्रुता यहाँ ध्रुवतारा हो भने ध्रु पृथ्वीका लागि ध्रुवस्थान हो। त्यो हामी उत्तरीगोलार्धमा बस्नेहरूले रातीमा देख्ने गरेको उत्तरी ध्रुवस्थान हो भने त्यसको तल द चाहिँ दक्षिणी गोलार्धमा बस्नेहरूले देख्ने दक्षिणी ध्रुव स्थान हो। स क्षि अभीष्टस्थानको क्षितिजवृत्त हो भने ध्रु द चाहिँ शून्य अंश अक्षांश भएको लङ्कादेशको क्षितिजवृत्त हो। यसलाई उण्डलवृत्त या निरक्षक्षितिजवृत्त पनि भनिन्छ। ध्रु स यहाँ अभीष्टस्थानको अक्षांशा हो भने ख ना पनि अक्षांशा नै हो। अर्थात् परिभाषाअनुसार आफ्नो स्थानको क्षितिजवृत्त र निरक्षदेशको क्षितिजवृत्तको याम्योत्तरीय अन्तर स ध्रु पनि अक्षांशा नै हुन्छ तथा आफ्नो खमध्य र निरक्षदेशको खमध्यको याम्योत्तरवृत्तीय अन्तर ख ना पनि अक्षांशा नै हुन्छ। गोलीयरेखागणितका आधारमा पनि यी दुई बराबर नै हुन्छन्। त्यस्तै यहाँ ध्रु विन्दुबाट अर्थात् ध्रुवस्थानबाट २४ अंशको अन्तरमा क विन्दु रहेको छ। यो चाहिँ कदम्बस्थान हो। यहाँ ध्रु स्थानबाट ९० अंशको अन्तरले खिचिएको यहाँ ना डी नामको नाडीवृत्त र क स्थानबाट ९० अंशको अन्तरले खिचिएको क्रा न्ति नामको क्रान्तिवृत्त मिलेको स्थान पू नै गोलसन्धि हो। यहाँ पू ठ्याक्कै पूर्व विन्दु पनि हो। यो पू विन्दु नै सृष्टि भएको केही समयसम्म गोलसन्धिकै रूपमा रहेछ भन्ने यहाँबाट बुझियो। अब यो पू विन्दुबाट गोलसन्धि अर्थात् नाडीवृत्त र क्रान्तिवृत्तको सम्पात सरेकाले नै अयनांशको उत्पत्ति भयो। यदि यो विन्दु नसरेको भए अयनांशको उत्पत्ति नै हुने थिएन। यहाँ खगोल सम्बन्धी सामान्य ज्ञान भएकाहरूले कदम्ब र ध्रुवको अन्तर त २४ अंशभन्दा बढी हुन्न। तर तिनै विन्दुबाट उत्पन्न हुने अयनांश चाहिँ फेरि किन २७ अंशसम्म त भन्न पनि सक्दछन्। तर यो २४ अंशको अन्तर उता याम्योत्तर वृत्तमा हुन्छ। तर फेरि अयनांश त याम्योत्तर वृत्तमा नभएर अर्को वृत्तमा हुन्छ। त्यसैले यहाँ यसरी फरक परेको हो। यहाँसम्मबाट हामीले के बुझ्न पर्यो भने गोलसन्धिका कारक नाडीवृत्त र क्रान्तिवृत्त पनि सरेकाले नै यो विन्दु पनि सर्‍यो। नाडीवृत्तको पृष्ठविन्दु ध्रुवस्थान र क्रान्तिवृत्तको पृष्ठस्थान कदम्बस्थान पनि सरेकाले नै यस्तो अवस्था आयो भन्ने पनि प्रमाणित भयो। अब यहाँ स्पष्टैसँग विषयबोध भएकाले त्यो सरेको विन्दु देखाउन रेखाचित्र कोर्न पनि आवश्यक परेन।


गोललाई नाडीवृत्तले छुट्ट्याएको हुन्छ। अर्थात् नाडीवृत्तबाट उत्तरतिरको उत्तरीगोल र नाडीवृत्तबाट दक्षिणतिरको दक्षिणीगोल हुन्छ। अनि नाडीवृत्तबाट ३ राशि उत्तरतिर र ३ राशि दक्षिणतिर नै अयनविन्दु रहेको हुन्छ। यिनै विन्दुबाट अयनको आरम्भ र अयनको अन्त्य पनि हुन्छ। उत्तरतिर रहेको अयनविन्दु जसलाई कर्कटविन्दु भनिन्छ भने दक्षिणतिर रहेको अयनविन्दु जसलाई मकरविन्दु भनिन्छ। हामीले सूर्यको उत्तरायणारम्भ मकरविन्दुबाट मान्दछौँ भने दक्षिणायनारम्भ कर्कटविन्दुबाट मान्दछौँ। माथि नै भनिए अनुसार गोलसन्धि नै सरेको देखिएको अवस्थामा ३ राशि पर रहेका यी विन्दु पनि आखिरी सर्ने नै भए। अतः सृष्ट्यारम्भ समयमा देखिने गोलसन्धि पनि पू स्थानबाट अन्यत्र नै सरेको देखिएकाले सृष्ट्यारम्भ समयको गोलसन्धिबाट ३ राशि पर रहेको अयनारम्भ वा अयनान्त विन्दु पनि त्यस स्थानबाट केही यताउता सरेको देखिने नै भए। यहाँ पनि अयनांशको परिभाषा गर्न सकिने भयो। अर्थात् सृष्ट्यादिको समयमा देखिने अयनारम्भ विन्दु र हालमा देखिने अयनारम्भ विन्दुको अन्तर नै अयनांशा हो। यही अयनारम्भ विन्दु कुनलाई मान्ने भनेर नै हालमा विवाद चलेको हो।

**धर्मशास्त्रका आधारमा माघे सङ्क्रान्ति र श्रावण संक्रान्ति नै अयनारम्भ मान्नुको खगोलीय कारण**

अयनारम्भ विन्दुहरू गोलसन्धिका आधारमा पत्ता लगाइने हुनाले गोलसन्धि नै सरेको देखिएकाले अयनारम्भ विन्दुहरू पनि सरेका रहेछन् भन्ने विषयको जानकारी त भइसक्यो। हुन त सरेको विषयमा सबैको मतैक्य देखिएता पनि कति सरेको छ भन्ने विषयमा भने अझैसम्म स्पष्टता भएको छैन। ग्रहलाघवले ४४४ शकवर्षमा अयनांश शून्य भएकाले शकबाट ४४४ घटाएर आएको अन्तरलाई ६० ले भाग गर्दा अयनांश आउँछ भन्दछ (गणेशदैवज्ञ, वि.सं. २०५२, पृ. ३३)। फेरि भास्वती ग्रन्थले ४५० शकवर्षमा अयनांश शून्य भएकाले शकबाट ४४५ घटाई ६० ले भाग गरी अयनांश निकाल्न सकिन्छ भन्दछ (शतानन्द, वि.सं.२०८३, पृ. ९२)। त्यस्तै रत्नदीपको भिन्न छ भने केतकरको पनि भिन्न नै छ। त्यसैले पनि यही चल-अयनारम्भ विन्दुका बारेमा मतैक्य नभएकाले र कुन विन्दु नै हालको अवस्थामा अयनारम्भ विन्दु भन्ने कुरा नै विवादित भएकाले हामीले हाम्रो स्थिर अयनारम्भ विन्दुबाट अयनारम्भ मानिनु पर्ने पहिलो कारण बनेको छ। दोस्रो कारण हामीले ज्यौतिषशास्त्रमा दुई प्रकारले ग्रहसाधन गर्ने गर्दछौँ। एक प्रकार निरयण ग्रहसाधन हो भने अर्को प्रकार सायन ग्रहसाधन हो। निरयण ग्रहसाधन गर्दा हामीले सृष्ट्यादिको गोलसन्धिबाट ग्रहको मापन गर्ने गर्दछौँ भने सायन ग्रहसाधन गर्दा हालको गोलसन्धिबाट ग्रहलाई नाप्ने काम गर्दछौँ। निर्णय सिन्धुका लेखक एवम् खगोल सम्राट् कमलाकर भट्टले शास्त्रपरम्पराअनुसार नै तिथि, योगादि पञ्चाङ्ग साधन, संक्रान्तिसाधन इत्यादिप्रकारलाई निरयण विधिले साधन गर्नु र ग्रहण, सूर्योदय आदि देखिने विषयलाई सायन विधिले गर्नु भनेका छन् (कमलाकर, सन् १९९९, पृ. १०७ )।

खगोलसम्राट् कमलाकर भट्ट जसले आफ्नो सिद्धान्ततत्त्वविवेक ग्रन्थका माध्यमले ग्रहसाधन प्रकारको वर्णन गरेका छन्, उनले यस सम्बन्धमा त्यस्तो ठोस प्रमाण नदिए पनि उनको विद्वत्ताबाट परिचित सबैले उनले भनेको प्रस्तुत विषयलाई हो कि होइन भन्ने विचार नै गर्नै पर्दैन। उनको विद्वत्ताबाट नतमस्तक हुनुभएका नेपालका ज्योतिर्विद् नयराज पन्तले पनि उनको आकाशीय ज्ञानको प्रशंसा गर्दै कमलाकरको भित्री आँखाले चन्द्रलोकबाट पृथ्वी हेरेको थियो भनी कमलाकरका रचनाको उदाहरणका साथ एउटा लेख पनि लेख्नुभएको छ (शतानन्द, वि.सं.२०७९, पृ.३५)। त्यसैले खगोलसम्बन्धी विशेषज्ञ कमलाकर भट्टले पनि पृथ्वी र खगोलको सम्बन्धका बारेमा बुझेरै सायन र निरयणका दुबै विधिलाई अङ्गिकार गरेका हुन्। उनी मात्र निरयण पद्धतिका पक्षपोषक होइनन् कि हाम्रो पौरस्त्य ज्योतिषसिद्धान्त नै निरयण पद्धतिमा अडेको छ । त्यसैले त ग्रहलाघवं करणं नामको ग्रन्थमा उनले आफुभन्दा पहिलेका आचार्यहरूको गणितअनुसार नै लग्नानयनविधिमा पहिले सायनसूर्यबाट सायनलग्न निकाली अन्त्यमा अयनांश घटाई निरयण लग्नको साधन गरेका छन् (गणेशदैवज्ञ, वि.सं. २०५२, पृ. ६९)। खगोलपरक धर्मशास्त्रोक्त वाणीहरूलाई पूर्ण अनुसरण गर्दै आफ्ना ग्रन्थ रचना गर्ने विद्वान्हरूका वचनरूपी यी प्रशस्त कारणहरूले पनि सृष्ट्यादि अयनारम्भको विन्दु माघ १ र श्रावण १ गतेभन्दा मोटामोटी २४ दिन अघिका पुसे र असारे दिनबाट अयनारम्भ नमानी माघको १ गते नै र श्रावणको १ गतेलाई नै अयनारम्भ विन्दु मान्दै सूर्य उत्तरायण र सूर्य दक्षिणायन पर्व मानिएको हो। हामीले यस विषयलाई खगोलीय रूपमा पनि बुझ्न सक्दछौँ। जस्तो यहाँ एउटा रेखाचित्र प्रस्तुत गरिएको छ –




यहाँ दुईवटा रेखाचित्रहरू रहेका छन्। दुवैमा पृथ्वीको भू विन्दुबाट सू नामको सूर्यलाई कसैले अवलोकन गरिरहेको छ। दुवैमा भएको ठुलो वृत्त आकासको सबैभन्दा माथि रहेको नक्षत्रकक्षाको (भास्कराचार्य, वि.सं. २०५६,

पृ.१८०) द्योतक हो। हाम्रा आचार्यहरूले सो नक्षत्रकक्षालाई स्थिर मानेका छन्। अर्थात् धेरै कालान्तरमा अति सामान्य हिसाबले ध्रुवस्थानको चलाइले (कमलाकर, सन् १९९९, पृ. १०७)। त्यसकै आधारमा चल्ने नक्षत्रकक्षा चले पनि हाम्रा लागि चाहिने समयमा ती नक्षत्रहरूको सराई नहुने नै भनिएको छ। अनि हाम्रा आचार्यहरूले ग्रहादिको साधन पनि स्थिर नक्षत्रात्मक पद्धतिका आधारमा गरेका छन्। त्यस्तै रेखाचित्रमा देखाइए अनुसार हाम्रो पृथ्वी सरेको अवस्थाले गर्दा आफ्नै स्थानबाट यता उता नगरेका सूर्य चाहिँ अर्कै स्थानमा देखिएका छन्। हो त्यस्तै गरी हामीले हाम्रो पृथ्वीको चलाईले गर्दा अयनादि विन्दु यताउता देखिए पनि वास्तवमा त्यस विन्दु आफ्नो स्थानबाट अन्यत्र चलेको हुँदैन। यही कारणले पनि अदृष्टफलसिद्धिका लागि निरयणपद्धति अनुसार नै ग्रहसाधन गरी ती ग्रहहरूको योगान्तरले उत्पन्न हुने तिथ्यादिको विचार गर्नुपर्ने विषयलाई खगोलपरक तरिकाले पनि यहाँ विवेचना गरियो।

## निष्कर्ष

पूर्वविन्दुबाट उदाउने सूर्य स्थिर पूर्वविन्दु जसलाई हामीले खगोलको भाषामा पूर्वस्वस्तिक भनिएको छ। त्यो पूर्वस्वस्तिक विन्दुबाट सूर्य कहिले उत्तरतिर त कहिले दक्षिणतिरको विन्दुबाट उदाउने गरेको पनि हामीले देखेका छौँ। हामीले यस विषयलाई एकवर्षभरि विहानपख अवलोकन गर्ने गरिएको छ भने त्यो पूर्वस्वस्तिकविन्दुबाट छ महिनाभरि उत्तरतिरका स्थानहरूबाट भने अर्को छ महिना दक्षिणतिरका स्थानहरूबाट सूर्योदय भएको देख्नेछौँ। यही अवस्था सूर्यको प्रत्येक दिनको अस्त हुने क्षितिजवृत्तका स्थानहरूमा पनि हुनेछ। अर्थात् पश्चिमतिरको स्थिर पश्चिमविन्दु पश्चिमस्वस्तिकमा पनि यही अवस्था नै देखिनेछ। अयन भनेको संस्कृतमा बाटो भनेको हो। यही सूर्य उत्तरतिरका स्थानहरूमा क्रमश सर्दै गएको देखिने अवस्थालाई सूर्य उत्तरायण भए भन्ने गरिएको छ भने सूर्य दक्षिणतिरका स्थानहरूमा क्रमश सर्दै गएको देखिने अवस्थालाई सूर्य दक्षिणायन भएको भन्ने गरिएको छ। गोलसन्धि अस्थिर भएकाले सृष्ट्यादिमा पूर्व स्वस्तिकमा रहेको गोलसन्धि अहिले स्थानबाट केही पर सरेको देखिएको छ। यही सरेको स्थान र पूर्व स्थानको अन्तर अर्थात् स्थिरगोलसन्धि र चलगोलसन्धिको अन्तर नै अयनांश हो। गोलसन्धि सरेकाले ३ राशि वरपर रहेका अयनारम्भ विन्दु पनि स्वतः सर्ने नै भए। स्थिर गोलसन्धिबाट ३ राशी पर रहेका यिनै उत्तरायण र दक्षिणायन विन्दुहरू नै धर्मशास्त्रोक्त उत्तरायण र दक्षिणायन विन्दुहरू हुन्। यस धर्मशास्त्रोक्त विषयलाई खगोलपरक विवेचनाका साथ सृष्ट्यादिकालकै अयनारम्भ विन्दुहरू नै धर्मशास्त्रोक्त फलप्राप्तिका लागि चाहिने महत्त्वपूर्ण अयनारम्भ विन्दुहरू हुन् भन्ने कुराको यहाँ विश्लेषण गरिएको छ। यसबाट हाम्रा धर्मशास्त्रमा भनिएअनुसार अदृष्टफलसिद्धिका लागि सृष्टिदिकालदेखि नै व्यवहार गरिँदै आएको स्थिर अयन विन्दुलाई नै अयनारम्भ विन्दुका रूपमा मान्नु पर्ने निष्कर्ष निकालिएको छ।

## धन्यवाद ज्ञापन

प्रस्तुत लेख पढी महत्त्वपूर्ण सुझाव दिई लेखलाई अझै अनुसन्धानमूलक बनाउन सहयोग पुऱ्याउनुहुने विज्ञज्यूहरू प्रति हार्दिक आभार एवं कृतज्ञता ज्ञापन गर्दछु।

## सन्दर्भग्रन्थसूची


अमरसिंह, (वि.सं. २०२६), *अमरकोश*, (कुलचन्द्र गौतम, सम्पा.), काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

आप्टे गोविन्दगणक, (सन् १९९९), *सर्वानन्दकरणम्*, (कृष्णचन्द्र द्विवेदी, सम्पा.), वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

आर्यभट, (सन् २००८), *आर्यभटीयम्*, (डा. सुरकान्त झा, सम्पा.), वाराणसी : चौखम्बा कृष्णदास अकादमी ।

*ऋग्वेद*, (सन् २०१६), (गङ्गा सहाय शर्मा, व्याख्या.), नयाँ दिल्ली : संस्कृत साहित्य प्रकाशन ।

कमलाकर, (सन् १९९६), *सिद्धान्ततत्त्वविवेक* (प्रथम भाग), (डा. कृष्णचन्द्र द्विवेदी, सम्पा.), वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय ।

कमलाकर, (सन् २०१५), *सिद्धान्ततत्त्वविवेक* (प्रथम भाग), (सत्यदेव शर्मा, सम्पा.), वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।

*काठकसंहिता*, (सन् १९४३), मुम्बई : भारतीय मुद्रणालय ।

केतकर, वेङ्कटेश, (सन् २००१), *केतकीग्रहगणितम्*, (श्रीदत्तराज, सम्पा.)। दिल्ली : भारतीय विद्या प्रकाशन ।

कौटल्य, (सन् १९२५), *कौटलीय अर्थशास्त्र,* (प्रो. उदयवीर शास्त्री, सम्पा.), लाहोर : मेहरचन्द्र लक्ष्मणदास अध्यक्ष संस्कृत पुस्तकालय ।

गणेशदैवज्ञ, (वि.सं. २०५२), *ग्रहलाघवं करणम्*, (कपिलेश्वर शास्त्री, सम्पा.), वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

दीक्षित, शङ्करबालकृष्ण, (सन् २००२), *भारतीय ज्योतिष*, लखनऊ : उत्तर प्रदेश हिन्दी संस्थान ।

भास्कराचार्य, (वि.सं. २०५६), *सिद्धान्तशिरोमणि*, (वापुदेव शास्त्री, सम्पा.), वाराणसी : चौखम्बा संस्कृत संस्थान ।

वराहमिहिर, (सन् २०१९), *पञ्चसिद्धान्तिका*, (डा. सत्यदेव शर्मा, सम्पा.), वाराणसी : चौखम्बा सुरभारती प्रकाशन ।

शतपथब्राह्मणम् (प्रथम भाग), (सन् १९९०), (श्रीहरि स्वामी, सम्पा.), दिल्ली : नाग प्रकाशक ।

शतानन्द, (वि.सं. २०८२), *भास्वती*, (श्याम खनाल, व्याख्या.), देवघाट : गलेश्वर आश्रम ।

*सूर्यसिद्धान्त*, (सन् २००८), (सत्येन्द्र मिश्र, सम्पा.), वाराणसी : चौखम्बा संस्कृत भवन ।